अनुसुची -२

(दफा ४ तथा अनुसुची-१ को भाग -२ संग सम्बन्धित)


छविसपाथिभेरा गाउँपालिका

स्थानिय राजपत्र

खण्ड ८ | संख्या ०५ | मितिः २०८१।१०।२९


# भाग -२

# छविसपाथिभेरा गाउँपालिका विध्यालय भान्सा कोठा निर्माण कार्यविधि

## २०८१


छविसपाथिभेरा गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

ब्याँसी, बझाङ

सुदूरपश्चिम प्रदेश नेपाल



गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१०।२९

प्रमाणीत मितिः२०८१।१०।३०

राजपत्रमा प्रकाशित मितिः२०८१।१२।१२

## छविसपाथिभेरा गाउँपालिका विद्यालय भान्सा कोठा निर्माण कार्यविधि, २०८१

स्वीकृत मिति:२०८१।१०।२१

**प्रस्तावना:**

दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित रुपले संचालन गर्न खानाको सरसफाई, स्वच्छता तथा उचित भण्डारण गरि विद्यार्थीहरुलाइ सुरक्षित दिवा खाजाको व्यवस्था गर्न नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको निःशुल्क तथा अनिवार्यआधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ एवम् नियमावली २०७७ ले दिवा खाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरेकोमा, विद्यालयहरुमा व्यवस्थित सुधारिएको चुलो सहितको भान्छा कोठा निर्माण गर्न छविसपाथिभेरा गाउँपालिकाले विद्यालय भान्सा कोठा निर्माण कार्यविधि २०८१ जारी गरेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक:

१. **संक्षिप्त नाम र प्रारम्भ:** १. यस कार्यविधिको नाम "छविसपाथिभेरा गाउँपालिका विद्यालय भान्सा कोठा निर्माण कार्यविधि, २०८१" रहेको छ ।

२. यो कार्यविधि गाउँकार्यपालिकाबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ ।

२. **विषय वा प्रसंगले** अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) स्थानीय तह भन्नाले छविसपाथिभेरा गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) प्रदेश भन्नाले सुदुरपश्चिम प्रदेशलाई सम्झनु पर्छ ।

ग) कार्यक्रम भन्नाले विद्यालय दिवा खाजा अर्न्तगतको भान्सा कोठा निर्माणलाई सम्झनु पर्छ ।

घ) कार्यपालिका भन्नाले छविसपाथिभेरा गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

ङ) विद्यालय भन्नाले सामुदायीक विद्यालय सम्झनु पर्छ ।

च) अध्यक्ष भन्नाले छविसपाथिभेरा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

छ) उपाध्यक्ष भन्नाले छविसपाथिभेरा गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

ज) प्रमुख प्रशासकिय अधिकृत भन्नाले छविसपाथिभेरा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

झ) शिक्षा शाखा भन्नाले छविसपाथिभेरा गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्छ ।

ञ) विद्यालय व्यवस्थापन समिती भन्नाले छविसपाथिभेरा गाउँपालिकामा अवस्थित सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्छ ।

ट) साझेदारी संस्था भन्नाले विद्यालय दिवा खाजा अर्न्तगतको भान्सा कोठा निर्माण कार्यमा गाउँपालिकासँग साझेदारी गर्ने संस्थालाई सम्झनु पर्दछ ।

ढ) लागत भन्नाले विद्यालय दिवा खाजा अर्न्तगतको भान्सा कोठा निर्माण गर्दा लाग्ने कुल लागतलाई सम्झनु पर्दछ ।

ड) स्थानीय सामग्री भन्नाले स्थानीयस्तरमा प्राप्त हुने सामग्रीहरु जस्तै ढुङ्गा, गिट्टी, माटो, बालुवा, काठ आदिलाई सम्झनु पर्दछ ।

ढ) गैह्र स्थानीय सामग्री भन्नाले बजारबाट खरिद गर्न पर्ने सामग्रीहरु जस्तै जस्तापाता,फलाम, सिमेन्ट आदिलाई सम्झनु पर्दछ ।

ण) कामदार भन्नाले विद्यालय दिवा खाजा अर्न्तगतको भान्सा कोठा निर्माणमा संलग्न हुने दक्ष तथा अदक्ष दुबै प्रकारका कामदारलाई सम्झनु पर्दछ ।

त) लागत साझेदारी भन्नाले भान्सा कोठा निर्माणका लागि छविसपाथिभेरा गाउँपालिका, वि.व्य.समिति र साझेदार संस्थाबिच भएको लागत साझेदारी लाई सम्झनु पर्दछ ।

थ) नक्साङ्कन भन्नाले छविसपाथिभेरा गाउँपालिका र साझेदार संस्थाका प्राविधिकले संयुक्त रुपमा तयार गरेको दिवा खाजा अर्न्तगतको भान्सा कोठाको नक्साङ्कनलाई सम्झनु पर्दछ ।

द) औजार तथा उपकरण भन्नाले निर्माणको कममा प्रयोग हुने बेल्चा, घन, आरा, कर्नी, कुच्चो लगायतका अन्य सामग्रीहरुलाई सम्झनु पर्दछ ।

ध) कामदार सुरक्षा सामग्री भन्नाले निर्माण कार्यमा संलग्न कामदारहरुको पेशागत सुरक्षाका लागि प्रयोग हुने हेलमेट, पञ्जा, बुट लगायतका अन्य सुरक्षा सामगीहरुलाई सम्झनु पर्दछ ।

न) अनुगमन भन्नाले दिवा खाजा अर्न्तगतको भान्सा निर्माणको कममा पालिका तथा साझेदार संस्थाका प्रतिनिधिहरुको संयुक्त अनुगमनलाई सम्भनु पर्दछ । शो शब्दले साझेदार संस्थाका प्रतिनिधिहरुको विभिन्न चरणको अनुगमनलाई समेत जनाउँदछ ।

## परिच्छेद - २
## कार्यकमको उद्देश्य, सञ्चालन

**३. कार्यकमको उद्देश्य :**

क) विद्यालयहरुमा सुधारिएको चुलो सहितको भान्छा कोठा निर्माण गर्ने ।

ख) दिवा खाजालाई थप प्रभाकारी तथा ब्यवस्थित रुपले संचालन गर्नमा सहयोग पुर्याउने ।

ग) विद्यार्थीहरुको समग्र स्वास्थ्य र पोषण अवस्थामा सुधार गरी शैक्षिकस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने ।

घ) विद्यालयको वातावरण सफा, स्वच्छ बनाउन सहयोग तथा स्वच्छ दिवा खाजाको नियमितता हुने ।

**४. कार्यक्रमको सञ्चालन**

क) यो कार्यक्रम पालिका र साझेदार संस्थाको संयुक्त लगानीमा निर्माण हुनेछ । पालिका र साझेदार संस्था बाहेक अन्य निकायले पनि साझेदारी गर्न सक्नेछ ।

ख) यो कार्यक्रम पालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा चरणबद्ध रुपमा निर्माण गरिनेछ ।

ग) निर्माण गर्नुपूर्व भान्छा कोठाको नक्साङ्कन तयार गरि पालिकाबाट अनुमोदन गरिनेछ । यसरी नक्सांकन गर्दा भान्सा कोठा निर्माणको न्यूनतम मापदण्ड अनुसूची १ का आधारमा गरिनेछ ।

घ) सम्पूर्ण निर्माणको लागत अनुमान एकिन गरे पश्चात् पालिका र साझेदार संस्थाको साझेदारी को बारेमा छलफल गरी साझेदारी पत्र तयार गरिन्छ यसरी साझेदारी गर्दा विशेष गरेर स्थानीय निर्माण सामग्री कामदारको ज्याला आदि कुराहरू पालिकाको दायित्वमा पर्ने तथा गैर स्थानीय सामग्रीहरू साझेदार संस्थाले उपलब्ध गराउने कुरामा सहमति गरिनेछ ।

ङ) स्थानीय निर्माण सामग्रीहरूको उपलब्धताको सुनिश्चितता साथै कामदारहरूको तयारी अवस्था पश्चात गैर स्थानीय निर्माण सामग्रीको उपलब्धता गराइनेछ ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन प्रकृया

### ५. कार्यक्रम सञ्चालन प्रकृया

१) पहिलो चरणमा साझेदार संस्थाका प्राविधिक र गाउँपालिकाको प्राविधिकले पालिका मातहत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूको सम्भाव्यता अध्ययन गर्नेछन् ।

२) सम्भाव्यता अध्ययन पश्चात साझेदार संस्थाका प्रविधिक र गाउँपालिकामा रहेका प्राविधिक कर्मचारीले संयुक्त रुपमा भान्सा कोठाको नक्साङ्कन गर्नेछन् ।

३) यसरी संयुक्त रुपमा नक्साङ्कन तयार गर्दा अनुसूची १ मा तय गरिए बमोजिमको न्यूनतम मापदण्ड पूरा हुने गरी नक्सांकन तयार गर्नुपर्नेछ ।

४) नक्सांकन तयार गर्दा विद्यार्थी संख्याको आधारमा तयार गरिनेछ । गाउँपालिकामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूलाई विद्यार्थी सङ्ख्याको आधारमा ३ किसिममा विभाजन गरिनेछ । यसरी विभाजन गर्दा ३०० भन्दा माथि विद्यार्थीहरु रहेको विद्यालयलाई क वर्ग, १०० देखि ३०० सम्म विद्यार्थी रहेका विद्यालयहरूलाई ख वर्ग र १०० जना विद्यार्थी रहेका विद्यालयहरूलाई ग वर्गमा वर्गीकरण गरी अनुसूची २ बमोजिमको नक्सांकन हुनेछ । साथै विद्यालयको कक्षागत आधारमा पनि गर्न सकिने छ ।

५) उपदफा ४ मा जे भनिएता पनि विद्यालयको वस्तुगत अवलोकन पश्चात तयार गरिएको नक्साङ्कनमा केही घटी बढी गर्न सकिनेछ ।

६) उपदफा ४ र ५ मा जे लेखिएको भएतापनि यदि सम्बन्धित विद्यालयमा प्रयोगमा नआएको कुनै कक्षाकोठा रहेको खण्डमा सो कक्षा कोठालाई भान्सा कोठाको रुपमा प्रयोगमा ल्याइनेछ ।

७) उपदफा ६ बमोजिम प्रयोगमा ल्याउने कक्षा कोठामा विद्यालय भान्सा कोठाको लागि तय गरिएको न्यूनतम मापदण्ड पुरा गराएर मात्र भान्सा कोठाको रुपमा प्रयोग गरिनेछ ।

८) नक्साङ्कन पश्चात अनुसूची २ बमोजिम तयार गरिएको नक्साको आधारमा विद्यालय भान्सा कोठाको कुल लागत अनुमान गरिनेछ ।

९) कुल लागतको अनुमान पश्चात स्रोतको खोजी गरी स्रोत सुनिश्चितता गरिनेछ ।

१०) स्रोत सुनिश्चितताका क्रममा पालिका र साझेदार संस्थाले भान्साकोठा निर्माणको लागि विनियोजन गरिएको बजेटका आधारमा सम्बन्धित कामको बाँडफाड गरिनेछ । यसरी कामहरूको वर्गीकरण गर्दा दक्ष र अदक्ष कामदारहरूको ज्याला, स्थानीय निर्माण सामग्री र गैर स्थानीय निर्माण सामग्रीहरुको खर्चको आधारमा गरिनेछ। आवश्यकताको आधारमा निर्माणको लागि आवश्यक पर्ने काठहरूको सहयोगको लागि सामुदायिक वन तथा कामदारहरूको रूपमा श्रमदानको लागि विद्यालयले (व्यवस्थापन समिति, अभिभावकहरू) समेतले साझेदारी गर्न सक्नेछन् ।

११) यसरी कामहरूको जिम्मेवारीको वर्गीकरण पश्चात पालिका, साझेदार संस्था र सम्वन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति बीच भान्साकोठा निर्माणको लागि त्रिपक्षीय सम्झौता गरी निर्माण कार्यलाई अगाडि बढाइनेछ । त्रिपक्षिय सम्झौतामा पालिका, साझेदार संस्था र विद्यालय व्यवस्थापन समितिको जिम्मेवारीहरु प्रष्टसँग उल्लेख गरिनेछ ।

१२) उपदफा ११ मा जे भनिएता पनि सामुदायिक वन र अन्य सम्वन्धित सरोकारवालाहरू पनि साझेदारको रुपमा संलग्न हुन सक्नेछन् र सोही बमोजिमको सहमति पत्रमा पनि जनाउन सकिनेछ ।

१३) उपदफा १० मा जे भनिएता पनि गाउँपालिकाले स्थानीय निर्माण सामग्रीको उपलब्धता सुनिश्चित गरिसकेपछि मात्र साझेदार संस्थालाई गैर स्थानीय निर्माण सामग्रीको उपलब्धताको लागि जानकारी गराउने र सही बमोजिम साझेदार संस्थाले गैरस्थानीय निर्माण सामग्री उपलब्ध गराउनेछ । विद्यालय भान्सा कोठा निर्माण गर्दा अधिकतम स्थानीय निर्माण सामग्रीहरुको प्रयोग गरि निर्माण गरिनेछ ।

१४) निर्माण को क्रममा पालिकाको अगुवाइमा गाउँपालिकाका प्रतिनिधि र साझेदार संस्थाका प्रतिनिधिले निर्माणाधीन संरचनाको अनुगमन गर्नु पर्नेछ ।

१५) गाउँपालिकाका प्राविधिक र साझेदार संस्थाका प्राविधिकले कार्यसम्पन्नको प्रतिवेदन पालिकामा र एकप्रति साझेदार संस्थालाई उपलब्ध गराए पश्चात मात्र निर्माण सम्पन्न भएको मानिनेछ ।

१६) निर्माणस्थलमा यो कार्यक्रमको सुचना बोर्ड (Project Information Board) राखि समुदायलाई सुसुचित गरिनेछ । साथै निर्माण सम्पन्न पश्चात सार्बजनिक लेखा परिक्षण/सार्बजनिक सुनूवाई गरिनेछ ।

१७) यसरी निर्माण गरिएको संरचनाको व्यवस्थापन तथा मर्मतसंभारको सम्पूर्ण जिम्मेवारी गाउँपालिका तथा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको रहनेछ ।

६. **विद्यालयहरूको छनोट** (१) अनुसूची १ बमोजिमका विद्यालय भान्छा कोठा गाउँपालिकाको सम्पूर्ण सामुदायिक विद्यालयहरूमा निर्माण गरिने हुँदा सबै विद्यालयहरू समावेश हुनेछन् ।

(२) यसरी विद्यालयहरू समावेश गर्दा चरणबद्ध हिसाबले विद्यालयहरू छनौट हुनेछन् । भान्सा कोठा निर्माण कार्यक्रम २ देखि ३ वर्षको अवधिमा सम्पन्न गरिनेछ ।

७. **बजेट खर्च सम्बन्धी व्यवस्था** (१) गाउँपालिका र साझेदार संस्था बाट संयुक्त रुपमा खर्च गर्ने गरी क्रियाकलापगत बजेट बाँडफाँड गर्नेछ ।

(२) उपदफा १ बमोजिम को आधारमा सञ्चालन गर्न गाउँपालिका तथा साझेदार संस्थालाई अख्तियारी रहन्छ । साझेदार संस्थाले आफ्नो जिम्मेवारीमा रहेको क्रियाकलापको बजेट स्वयं खर्च गर्नेछ ।

(३) उपदफा १ र २ मा जे लेखिएको भएतापनि अनुसूची १ बमोजिमको क्रियाकलाप संचालन गर्दा अन्य निकायले पनि सहयोग गर्न सक्नेछन् ।

(४) गाउँपालिका र साझेदार संस्थाहरुले जिम्मेवारीगत बजेट खर्चसँग सम्वन्धित सम्पूर्ण सक्कल कागजपत्रहरु आफूसँग राख्नेछन् र आवश्यकताको आधारमा अर्को पक्षलाई नक्कल कागजपत्रहरू उपलब्ध गराउन सक्नेछन् ।

८. **कार्यविधिमा संशोधन** गाउँपालिकाले कार्यविधि कार्यान्वयनका क्रममा आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

९. **बाधा अड्काउ फुकाउन सक्ने** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा पालिकाले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

१०. **प्रचलित कानुन बमोजिम हुने** यस कार्यविधिमा उल्लेख गरिएका कुराहरु यसै बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ४
## विविध

विद्यालय भान्सा कोठा निर्माण गर्न गाउँपालिका, साझेदार संस्था र विद्यालय व्यवस्थापन समितिको मुख्य जिम्मेवारी रहेको हुन्छ । विद्यालयमा अध्ययनरत बालबालिकाहरूले सुरक्षित र सफा खाना खान पाउन भन्ने नेपाल सरकारको नीतिलाई प्रचलित कानुन र विद्यमान कार्यविधि तथा मापदण्डको प्रतिकूल नहुने गरी आवश्यकताका आधारमा अनुसूची १ को प्रावधानलाई केही संशोधन गरी सञ्चालन गर्न तथा सम्झौता गर्न सक्नेछ । यसरी निर्माण हुने विद्यालय भान्सा कोठा सम्पूर्ण विद्यालयहरूमा एकै किसिमको न्यूनतम मापदण्डको आधारमा निर्माण हुनेछ र सम्पन्न पश्चात आवश्यक पर्ने मर्मत सम्भार र रेखदेख गाउँपालिका तथा विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी अन्तर्गत रहनेछ ।

## अनुसूचि १

(दफा ४ को उपदफा ख सँग सम्बन्धित)

छविसपाथिभेरा गाउँपालिका तथा साझेदार संस्थाबिचको साझेदारीमा निर्माण हुने विद्यालय भान्सा कोठाको न्यूनतम मापदण्ड

| क.स | न्यूनतम मापदण्ड |
|---|---|
| १ | सुधारिएको चुलो हुनु पर्ने |
| २ | भान्सा कोठाको नजिकै पानीको श्रोत हुनु पर्ने |
| ३ | खाद्य सामग्री भण्डारणको लागी भित्तामा टाँसिएको -याक हुनु पर्ने |
| ४ | पकाएको खाना राख्नको लागी टेबल हुनु पर्ने, आवश्यकताका आधारमा खाना कोठा (DINING) को पनी व्यवस्था गर्न सकिने |
| ५ | बनेका संरचनाहरु बालमैत्री, वातारण मैत्री, लैङ्गिक मैत्री र सकेसम्म अपाङ्गमैत्री हुनेछन । |

## अनुसूचि २

(छवसिपाथिभेरा गाउँपालिका तथा साझेदार संस्थाका प्राविधिकले संयुक्त रुपमा तयार गरेको भान्सा कोठाको नक्साङ्कन हुने)